सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ७ ♦ अंक २१३ ♦ २०८१ साल वैशाख १७ गते सोमवार ♦ 29 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com


# उपचार शुल्क बुझाउन नसक्दा अस्पताल मै बन्धकी बने रामविनय

**शैलेन्द्र महतो**

**वैशाख १६ गते, महेन्द्रनगर**



मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामको ठीक अगाडि छ, कृष्ण मेडिकल एन्ड टेक्निकल रिसर्च सेन्टर अस्पताल । यही अस्पतालको आईसीयू बेड नं.२०५ मा करिब एक महिनादेखि छन्, २२ वर्षीय युवक रामविनय महरा ।

गत चैत १४ गते साँझ मोटर साइकल दुर्घटनामा घाइते भएपछि रामविनयलाई अस्पताल भर्ना गरिएको थियो । ८ दिनको उपचारपछि रामविनय निको भए । चैत २२ गते नै अस्पतालले उनलाई डिस्चार्ज पत्र दिइसकेको थियो । तर उनी वैशाख १६ गतेसम्म पनि अस्पतालबाट बाहिर निस्किन पाएका छैनन् । रामविनय घर जान नपाउनुको कारण हो, उपचार खर्च अस्पताललाई बुझाउन नसक्नु ।

दलित तथा विपन्न महरा परिवारले उपचार खर्च बुझाउन नसक्दा रामविनय अस्पतालको आईसीयुमै बन्धकजस्तै बनेका हुन् ।

डिस्चार्ज हुने दिन अर्थात चैत २२ गतेसम्म उनको उपचार खर्च फार्मेसीबाहेक ३ लाख रुपैयाँभन्दा धेरै थियो । जनेतेन चन्दा तथा ऋण उठाएर अस्पतालको ५० हजार र फार्मेसीको ४० हजार गरी ९० हजार रुपैयाँमात्र तिरेको रामविनयकी आमा प्रमिला बताउँछिन् ।

'हामीसँग बेचेर दिने सम्पति छैन । गाउँघरमा कसैले ऋण दिँदैन, कहाँबाट रुपैयाँ ल्याउने ? कसरी छोरालाई अस्पतालबाट निकाल्ने ?' आमा प्रमिला गुनासो गर्छिन्, 'झन् आईसीयूमा राखेर बिल थपिइरहेको छ ।'

अस्पतालको लेखा शाखाका कर्मचारीका अनुसार उनको आईसीयूको बिलबाहेक ३ लाख रुपैयाँ उपचार खर्च छ । 'आईसीयूको बिल जोड्न बाँकी छ । उहाँको उपचार खर्च ३ लाख रुपैयाँभन्दा माथि नै छ', लेखा शाखामा कार्यरत ती कर्मचारीले भने ।

पूर्णरुपमा ठीक भइसकेका रामविनय आईसीयूमै बस्नु पर्दा अत्यासमा छन् । 'म पूरै ठीक भइसकेको छु । स्वास्थ्यमा अब केही समस्या छैन । त्यत्रो उपचार खर्च तिर्ने मेरो परिवार को हैसियत छैन', रामविनयले भने, 'बेडमा वाक्कदिक्क भइसकेको छु ।'

छोरालाई उपचार खर्च तिरेर अस्पतालबाट निकाल्न र ।मविनयका बुबा पञ्चु महरा र आमा प्रमिला खर्च जुटाउन भौंतारिरहेका छन् । महरा परिवारको सम्पतिको नाममा केबल २ धुर घडेरी र त्यसैमा बनेको एउटा घर बाहेक केही छैन । मजदुरी गरेर महराको परिवार चल्छ । तर, छोरालाई अस्पतालबाट निकाल्ने प्रयासमा उनीहरु चन्दा संकलनसँगै नेता, जनप्रतिनिधि, दलित अगुवा, भर भलादमी लगायतको दैलो चहार्न बाध्य छन् ।

झन् आईसीयुमा राखेको आर्थिक बोझ थपिँदै जान थालेपछि महरा परिवारको बेचैनी पनि बढेको छ । आईसीयूबाट निकालिदिन बिलौना गर्दा पनि अस्पताल सञ्चालक मान्दैनन् । 'ठीक भइसकेको छ । कम्तिमा आईसीयूबाट बाहिर निकालिदिनुस् भनेर सञ्चालकसँग हात जोडेर बिन्ती गरें । तर, मान्नु भएन', आमा प्रमिलाले भनिन्, 'जबसम्म सबै पैसा तिर्दैन, तबसम्म जान दिन्नँ, आईसीयूको पनि सबै पैसा तिर्नु पर्छ भन्नुहुन्छ ।'

अस्पतालमा रामविनयकी श्रीमती मनिषा एक महिनादेखि कुरुवा बसेकी छन् । एक वर्षअघि मात्र मनिषाको रामविनयसँग बिहे भएको थियो ।

मजदुरी गर्न भारतको मुम्बई गएका रामविनय र मनिषा होलीको एक दिनअघि मात्र घर फर्केका थिए । त्यतिबेलै रामविनय दुर्घटनामा घाइते भए । श्रीमान् उपचारपछि निको


*बाँकी पृष्ठ २ मा*




## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**




## नेपाल राष्ट्र बैंकको अनुरोध

- बैंक तथा वित्तीय संस्थामा खाता खोली मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता सेवा प्रयोग गर्दा वा मोबाइल वालेट प्रयोग गर्दा त्यसमा तपाईंको मोबाइल र फोन नम्बरको प्रयोग भएको हुन्छ। त्यसमा तपाईंको खातासम्बन्धी महत्वपूर्ण विवरण जोडिएका हुन्छन् ।
- यदि कुनै कारणवश तपाईंले आफ्नो मोबाइल नम्बर परिवर्तन गर्नुभयो र तपाईंको पुरानो नम्बर अन्य व्यक्तिको प्रयोगमा आयो भने तपाईंको खातासम्बन्धी महत्वपूर्ण विवरणमा अनधिकृत पहुँच पुग्नसक्ने जोखिम हुन्छ ।
- त्यसैले, आफूले प्रयोग गरिरहेको मोबाइल हराएमा वा चोरी भएमा वा मोबाइल नम्बर परिवर्तन भएमा बैंक तथा वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायक संस्थालाई यथाशीघ्र जानकारी गराउनुपर्दछ ।
- मोबाइल मार्फत वित्तीय सेवाको प्रयोग गर्दा आफ्नै नाममा दर्ता भएको सिमकार्ड र आधिकारिक एप्लिकेशन मात्र प्रयोग गर्नुपर्दछ ।

**सजग भई डिजिटल वित्तीय सेवा प्रयोग गरौं**

# उपचार शुल्क बुझाउन नसक्दा.........

हुँदा खुसी देखिएकी मनिषा अस्पताललाई बुझाउने पैसा नजुट्दा भने दु:खी देखिन्छिन् । सबै पैसा नबुझाए अस्पतालबाट जान नदिने अडान अस्पताल प्रशासनका कर्मचारीले भनेको मनिषाले बताइन् ।

अस्पतालका इन्चार्ज देवेन्द्र यादवले अस्पतालले उपचार गरि दिएको र शुल्क बुझाएर लैजान भन्दा नलगेको बताए ।

अस्पताल सञ्चालक रामपृत यादवले आफू छोरीको बिहेमा व्यस्त भएकाले अस्पतालको सबै विषयमा अपडेट नभएको बताउँछन् । 'बिहे हिजो मात्रै सकेकाले सबै अस्तव्यस्त छ । त्यो विषय (रामविनयको उपचार खर्च)मा पछि मात्र केही भन्न सक्छु,' उनले भने ।

### परिवारलाई थाहै नदिइ प्रादेशिक अस्पतालबाट निजीमा रेफर

चैत १४ गते होलीको दिन । एकदिन अघि मात्र मुम्बईबाट घर फर्केका रामविनय साँझतिर छिमेक रामकिसुनको रामको ज १२ प ३४६५ नम्बरको मोटर साइकल चढेरमा बाहिर निस्केका थिए ।

धनुषाको औरही प्रहरी चौकीका इन्चार्ज सई हेमबहादुर कुवँर का अनुसार चैत १४ गते साँझ ७ बजेर ५० मिनेटमा मोटर साइकल अनियन्त्रित भएर धनुषाको औरही गाउँपालिकाको कप्टौल भन्ने ठाउँमा दुर्घटना भएको थियो ।

'मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना भएको स्थानीयबाट जानकारी पायौं,' सई कुवँरले भने, 'हामी घटनास्थल पुग्दा रामकिसुनलाई सामान्य चोटपटक लागेको थियो भने रामविनय अलि बढी घाइते थिए ।' त्यसपछि प्रहरीले र ामविनयलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाएको थियो ।'

दुर्घटनाको खबर पाएका घर परिवारका सदस्य प्रादेशिक अस्पताल पुग्दा रामविनयलाई एम्बुलेन्समा राखेर कृष्णा मेडिकल एन्ड टेक्निकल रिसर्च सेन्टर अस्पताल पुर्याइसकिएको थियो ।

'सुन्नेबितिकै हामी प्रादेशिक अस्पताल पुग्यौं । हामी पुग्दा त्यहाँबाट रेफर गरेर कृष्णा मेडिकलमा पठाएको जानकारी भयो । किन यो अस्पतालमा पठाइयो ? कसले ल्यायो ? हामीलाई अहिलेसम्म केही थाहा छैन', आमा प्रमिलाले भनिन् । प्रादेशिक अस्पतालमै उपचार भएको भए रकम अभावमा छोरा बन्धक बन्ने थिएन भन्ने उनलाई लागेको छ । 'सरकारी अस्पतालमा उपचार भएको भए सस्तो हुन्थ्यो, मेरो छोरा बन्धक बन्नुपर्ने थिएन । यहाँबाट बन्धक मुक्त गराइदिन सबैले सहयोग गदिनुपर्यो', आमा प्रमिला बिन्ती गर्छिन् ।'

### २ वर्षअघि नै न्युरो अपरेसन थिएटरको उदघाटन तर बिरामी निजीमा रेफर

प्रादेशिक अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले न्युरोसम्बन्धी डाक्टर नरहेकाले बाहिर रेफर गरेको हुन सक्ने बताए ।

यद्यपि, मधेश सरकारको स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको सबभन्दा ठूलो प्रादेशिक अस्पताल जनकपुरमा २ वर्षअघि नै न्युरोसम्बन्धी अपरेसन थिएटर को उद्घाटन भएको थियो । तर , जनशक्ति अभावले अहिलेसम्म न्युरोसम्बन्धी उपचार सुरु गर्न नसकेको निर्देशक पण्डितले बताए ।

प्रादेशिक अस्पतालमा न्युरोसम्बन्धी चिकित्सक नहुँदा आकस्मिक सेवामा पुगेका सेवाग्राहीलाई चिकित्सकहरुले रेफर गरेर निजी अस्पतालमा पठाउने गरेका छन् ।

रामविनयकी आमा प्रमिलाले आफ्नो छोरा मोटरसाइकलको पछाडि बसेको बेला दुर्घटना भएको भन्दै उपचार खर्च मोटर साइकलवालाले व्यहोर्नुपर्ने बताउँछिन् । तर औरही प्रहरी चौकीले आङ्ग नो पति पञ्चुरामलाई प्रभावमा पारेर ४० हजार रुपैयाँमा मात्र मिलापत्र गराइदिएर मोटर साइकलवालालाई छाडिदिएको उनको गुनासो छ । उनी भन्छिन्, 'उपचार खर्च मोटर साइकलवालाले व्यहोर्नुपर्थ्यो तर पतिलाई प्रभावमा पारेर ४० हजारमा मिलापत्र गराइयो, त्यो पैसाले उपचार गर्नै पुगेन ।'

# मधेस प्रदेशमा मन्त्रिमण्डल विस्तार




**खबर दर्पण समाचारदाता**

**वैशाख १६ गते, महेन्द्रनगर**

मधेस प्रदेशका मुख्यमन्त्री सर ोजकुमार यादवले मन्त्रिमण्डल विस्तार गरेका छन् । विस्तारित मन्त्रिमण्डल १५ सदस्यीय बनेको छ ।

मुख्यमन्त्री यादवले नेकपा एमाले, जसपा, माओवादी केन्द्र र जपालाई समेटेर मन्त्रिमण्डल विस्तार गरेका हुन् । नवनियुक्त मन्त्रीहरूको कार्य विभाजन समेत गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

नयाँ मन्त्रीहरूको जिम्मेवारीअनुसार सरोकुमार यादव भौतिक पूर्वाधार विकास, भरतप्रसाद साह वन तथा वातावरण, सञ्जयकुमार यादव अर्थ, गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि सहकारी, सरिताकुमारी साह खेलकुद तथा समाज कल्याण, राजकुमार लेखी गृह सञ्चार तथा कानुन, सिंगासन सा कलवार ऊर्जा सिँचाई तथा खानेपानी, शत्रुधन सिंहले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

त्यसैगरी युवराज भट्टराई उद्योग वाणिज्य तथा आपूर्ति, प्रमोदकुमार जयसवाल शिक्षा, मेची लुंगेलीले श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएका छन् । राज्यमन्त्रीहरूमा अवुल कलाम आजाद ऊर्जा तथा सिँचाई, केशव राय स्वास्थ्य तथा जनसङ्ख्या र शारदा थापा गृह सञ्चार तथा कानुन मन्त्रालय रहेका छन् ।




**आगलागीबाट आफु पनि बचौँ र अरुलाई पनि बचाउँ !**

**आगोलागीबाट बच्नका लागि अपनाउनु पर्ने केहि उपायहरु :-**

- केटा केटीले भेट्न सक्ने ठाउँमा सलाई, लाईटर जस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभर भान्सा छाडेर टाँढा नजानुहोस् ।
- घरमा भएका विद्युत उपकरणहरु सही अवस्थामा छ-छैन नियमित जाँच गर्नुहोस, नाङ्गो तार ,टुटेफुटेका स्विच ,एक्सटेन्सन कर्डलाई मर्मत तथा परीवर्तन गर्नुहोस् ।
- हावा चलेको अवस्थामा खुल्ला स्थानमा आगो नबाल्नुहोस् ,बारी बाटोमा बलिएको आगो पुर्ण रुपमा निभेको निक्र्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल ,डिजेल ,मट्टितेलको भण्डारण नगर्नुहोस् ।
- घर तथा घर वरपर सरसफाई कायम राख्नुहोस् ।
- कोठा भित्र चुरोट नखानुहोस् तथा जथाभावी चुरोटका ठूटा नफ्याँक्नुहोस् ।
- वण क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।
- घरको शयन कक्ष तथा अन्य आवश्यक स्थानहरुमा SMOKE DETECTOR राख्नुहोस् ।
- आगोको आकारमा विचार पुर्याउनुहोस् ,आगो फैलन सक्ने र आगो तपाईको नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल नजिकको प्रहरी कार्यालय तथा वारुण यन्त्रलाई खबर गर्नुहोस् ।

**धनुषा प्रहरीको सम्पर्क नम्बर :-**

प्रहरी कन्ट्रोल:- १०० र ९८५४०९०४१९

सूचना अधिकारी (प्र.ना.उ.):-९८५४०२६७७०

जिल्ला ट्राफिक प्रहरी कार्यालय :- ९८५४०९००३०

जिल्ला प्रहरी कार्यालय धनुषा

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन**-समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

# गौशालामा आगलगी हुँदा ९ लाखभन्दा बढिको क्षति



**खबर दर्पण समाचारदाता**
**वैशाख १६ गते, बर्दिवास**

गौशाला नगरपालिका २ कठुधारमा आगलगी हुँदा ९ लाखभन्दा बढिको क्षति भएको छ । आईतबार दिउँसो स्थानिय सद्दाम धुनियाँ र निजको भाई मन्सुरको नदाफको घरमा आगलगी हुँदा ९ लाख ७० हजारको क्षति भएको हो । ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज कुमार यादवले दिएको जानकारी अनुसार सो आगलगीमा परि दुई वटा टालीले छाएको घर र परालको कुन्यु (टाल) जलेर खरानी भएको हो ।

सो आगलगीमा परि सद्दामको घरमा रहेको अन्नपात, लताकपडा, सुनचाँदी र नगद ५० हजार गरि ९ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरी निरीक्षक यादवले बताए। त्यस्तै छेउमै रहेको क्युम नदाफको ५० हजार रुपैयाँको परालको कुन्यु (टाल) जलेको हो भने छेउमै रहेको मन्सुर नदाफको घर जल्दा ५० हजारको क्षति भएको हो। प्रचण्ड गर्मीका साथै हावाहुरी चल्दा आगो लागेको खबर स्थानीयले प्रहरीमा गरेको थियो ।

गौशालास्थित इलाका प्रहरी कार्यालयबाट र सशस्त्र प्रहरी बल रामनगरबाट खटेको ३६ जना सुरक्षाकर्मी तथा स्थानीयले आगो निभाउने प्रयास गरेका थिए। अत्याधिक गर्मी र पश्चिमा हावाको बेगले आगो दन्कदै गएपछि बर्दीबास नगरपालिका,गौशाला नगरपालिका र रामगोपालपुर नगरपालिकाबाट घट्नास्थल पुगेको वारुणयन्त्रको सहयोगमा करिब ३ घण्टा लामो प्रयासपछि आगो नियन्त्रणमा आएको ईलाका प्रहरी कार्यालय गौशाला प्रहरी निरीक्षक यादवले जनाएको छ।

# औरही नगरपालिका : हात्तीपाईले रोग विरुद्धको औषधी सेवन अभियान सुरु

**खबर दर्पण समाचारदाता**
**वैशाख १६ गते, बर्दिवास**



महोत्तरी जिल्ला भरिका पालिकामा हात्तीपाईले रोग विरुद्धको औषधी सेवन अभियान सुरु भएको छ।जिल्लाकै औरही नगरपालिका २ चेपकट स्थित रहेको जान्हवी आधारभुत बिधालयमा आज एक कार्यक्रमको आयोजना गरि हात्तीपाईले रोग विरुद्ध औषधी सेवन अभियानको सुरुवात गरिएको छ। नगरपालिकामा नगर प्रमुख प्रदीप कुमार खड्का,वडा अध्यक्ष र स्वास्थकर्मीहरु लगायतले औषधी सेवन गरेर अभियानको सुरवात गरेका हुन् । औरही नगरपालिकाको ९ वटै वडामा आजदेखी औषधी सेवन अभियान सुरु भएको स्वास्थ्य शाखाका संयोजक चन्द्र भुसन ठाकुरले जानकारी दिए ।तालिम प्राप्त स्वास्थ्यकर्मीले नगरभित्रका वडा कार्यालय,स्वास्थ्य संस्था,सामुदायिक भवन,विद्यालय, धार्मिक स्थल आदिमा बुथ राखी यो औषधी खुवाईनेछ ।

१६ बैशाख देखि दुई हप्ता सम्म पालिका भरी हात्तीपाइले रोग विरुद्ध औषधी सेवन अभियान संचालन हुने छ ।२ वर्ष मुनिका बालबालिका,गर्भवती महिला, सिकिस्त बिरामी तथा २४ घण्टा अगाडी ज्वरो आएका व्यक्तिले मात्र औषधि खान नमिल्ने अरू सबैले खान मिल्ने स्वास्थ्य शाखाका संयोजक ठाकुरले जनाएको छ ।

औरही नगरपालिकामा हरेक वर्ष हात्तीपाइले विरुद्धको अभियान चलाईएपनि अहिलेसम्म औषधि प्रयोगको अवस्था राम्रो देखिएको र हात्ती पाईले रोगका संक्रमितहरू अहिले सम्म यस नगरपालिका भित्र फेला नपरेको अभियान सञ्चालन गरिएको हो ।

हात्तीपाइले रोग विरुद्धको औषधिले अहिलेसम्म कसैलाई कुनै हानि नहुने भएकाले निर्बाध रुपमा औषधि सेवन गर्न र यसको प्रचारप्रसार गरी सम्पुर्णले औषधी सेवन गर्नुपर्ने नगर प्रमुख खड्काले बताए ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनकपुरधाम उपमहानगरपालिका**

## सूचना ॥ सूचना ॥ सूचना ॥

### राष्ट्रिय हात्तीपाईले रोग निवारण २०८१ का लागि आम औषधि सेवनबारे सूचना

**सामान्य जानकारी :** परजीवीबाट संक्रमिक लामखुट्टेको टोकाईबाट सर्ने हात्तीपाईले रोग निवारणका लागि वि.स. २०८१ को आम औषधि सेवन गराउने कार्य तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सम्पन्न हुदैछ । यस अभियानमा खुवाइने तीन थरि औषधि ( Ivermectin , diethylcabamazine , albendrazole ) ले रोगको उपचार हुनुको साथसाथै रोग लाग्नबाट समेत बचाउने हुनाले यो औषधि सेवन गर्नु आवश्यक छ । यी तिनै औषधीहरि वर्षौंदेखि उपचारको लागि प्रयोगमा आइरहेको र सुरक्षित औषधी हुन् ।

**औषधी खान नहुने समुह :** २ वर्ष नपुगेका बालबालिकाहरु , गर्भवती र ७ दिन सम्मका सुत्केरी , छारे रोगी तथा सिकिस्त बिरामीहरु ।

**औषधी खाने समय :** यो औषधी खाली पेटमा खानु हुदैन । अरु सबै व्यक्तिले स्वास्थ्यकर्मीले भने अनुसार खाना सँगै वा खाना पछी औषधि खानुपर्छ ।

**औषधीका असरहरु :** औषधी सेवन गरे पछी हात्तीपाईले रोगको परजीवी शरीरमा भएमा कसै कसैमा ज्वरो आए जस्तो हुने , टाउको दुख्ने , रिंगटा लाग्ने , वाकवाकी लाग्ने जस्ता सामान्य असर हुन सक्छ । यस्ता असरहरु आफै केहि समयमा ठिक भएर जान्छन । यदि ठिक नभएमा नजिकको स्वास्थ्य संस्थामा जाऔं र जाने सल्लाह दिऔं ।

**औषधि खुवाउने मिति र स्थान : २०८१ वैशाख १६ गतेदेखि सम्पूर्ण वडाहरुमा**





**के तपाईं यस्तो हुन चाहनुहुन्छ यदि होइन भने औषधि अनिवार्य खाऔं र अरुलाई पनि खान प्रोत्साहन गरौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
जलेश्वर , महोत्तरी

## सर्पको टोकाइबाट बच्ने उपायहरु



सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर | जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा भकुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआंगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घांस दाउरा गर्दा ध्यान पुयाउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

**बर्दिबास नगरपालिका**

# जनकपुरधामसहित तराई मधेशका ८ जिल्लाका १० ठाउँको अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि

**खबर दर्पण समाचारदाता**
**वैशाख १६ गते, जनकपुरधाम**

तराई मधेशमा गर्मीसँगै तातो लहर अर्थात् (हिट वेभ) बढेको छ। आज तराई मधेशका आठ वटा जिल्लाका १० ठाउँको अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार आज सिरहाको भगवानपुर, रुपन्देहीको तिलोत्तमा, लुम्बिनी, भैरहवा, कपिलवस्तुको तौलिहवा, पर्साको वीरगञ्ज, रौतहटको गौर, धनुषाको जनकपुर, सर्लाहीको मनुसमारा र नवलपरासी सुस्ता पश्चिमको सेमारीमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ। सबैभन्दा धेरै वीरगञ्जमा अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुगेको छ। अरू धेरै ठाउँको अधिकतम तापक्रम पनि ४० डिग्रीकै हाराहारीमा छ।

जल तथा मौसम विभागले तराई मधेशका जिल्लामा आजदेखि पाँच दिनसम्म अत्यधिक गर्मी र हिट वेभ अर्थात् तातो लहरको सम्भावना रहेको भन्दै सावधानी अपनाउन सचेत गराइसकेको छ।

विभागले विशेष बुलेटिन निकालेर आजदेखि आउँदो २१ गतेसम्म पश्चिममा कञ्चनपुर देखि पूर्वमा सप्तरीसम्म देशको दक्षिणी भागका जिल्लामा तातो हावा र तातो लहर (हिट वेभ) चल्न सक्ने चेतावनी दिएको हो। दक्षिणी भू-भागमा पर्ने चितवन र नवलपरासी पश्चिममा भने तातो लहरको जोखिम कम छ। भित्री मधेश तथा पूर्वी नेपालको दक्षिणी भागका जिल्लामा पनि अत्यधिक गर्मी हुने छ।



प्रि-मनसुनमा लामो समय पानी नपरेका कारण गर्मी अत्यधिक बढेको हो। विभागले तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो ठाउँमा बस्न, बाहिरी वातावरणमा बढी नजान, घाममा बढी नदेखिन, हलुका र सुतीका लुगा लगाउन, बाहिर निस्कँदा टाउको छोप्न, टोपी लगाउन, नियमित र पटक-पटक पानी तथा झोल पदार्थ पिउन सुझाव दिएको छ।


हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अब अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी

प्रहलादकुमार क्षेत्री
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ वैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी (MDA) खुवाउने अभियान संचालन हुँदैछ। यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं।

बर्दिवास नगरपालिका
महोत्तरी

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अब अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी

हरिप्रसाद मण्डल
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ वैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी (MDA) खुवाउने अभियान संचालन हुँदैछ। यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं।

मटिहानी नगरपालिका
महोत्तरी

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अब अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी

राम दुलार साह
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ वैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी (MDA) खुवाउने अभियान संचालन हुँदैछ। यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं।

रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अब अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी

प्रदीप कुमार खड्का
नगर प्रमुख
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ वैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी (MDA) खुवाउने अभियान संचालन हुँदैछ। यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं।

औरही नगरपालिका
महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा